मिति : २०८३/०२/२९, कार्यपालिका बैठक संख्या: २१-२०८२/८३

निर्णय प्रमाणित
माधव प्रसाद पोखेल
प्रमुख प्रशासकीय अधिकृत

**बैठक नं. २१**

आज मिति २०८३ साल जेष्ठ २९ गते शुक्रबार (ने.सं. ११४६, अनालागा, द्वादशी) कञ्चन गाउँपालिकाको गाउँकार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष **श्री नवराज ढकालज्यूको** अध्यक्षता र तपसिलमा उल्लिखित कार्यपालिका सदस्यहरूको उपस्थितिमा देहायका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गर्नका लागि बैठक बसि तपसिल बमोजिमको निर्णय गरियो।

समयः बिहानको ठिक ८:०० बजे।

स्थानः कञ्चन गाउँपालिकाको कार्यालय, बेउरी, रुपन्देही ।

उपस्थितिः

| क्र.स. | हस्ताक्षर | नाम, थर | पद |
|---|---|---|---|
| १ | | श्री नवराज ढकाल | अध्यक्ष |
| २ | | श्री मौसमी थापा मगर | उपाध्यक्ष |
| ३ | | श्री हरिनारायण थारु | कार्यपालिका सदस्य |
| ४ | | श्री टेक बहादुर गुरूङ्ग | कार्यपालिका सदस्य |
| ५ | | श्री टिकाराम सापकोटा | कार्यपालिका सदस्य |
| ६ | | श्री केशर बहादुर खत्री | कार्यपालिका सदस्य |
| ७ | | श्री कुल प्रसाद पौडेल | कार्यपालिका सदस्य |
| ८ | | श्री रन्जना थारू | कार्यपालिका सदस्य |
| ९ | | श्री सुकमयाँ दर्जी | कार्यपालिका सदस्य |
| १० | | श्री खगिसरा शर्मा | कार्यपालिका सदस्य |
| ११ | | श्री शुशीला थापा | कार्यपालिका सदस्य |
| १२ | | श्री कुमारी घर्ती मगर | कार्यपालिका सदस्य |
| १३ | | श्री चित्रलाल तुलाचन | कार्यपालिका सदस्य |
| १४ | | श्री माधव प्रसाद पोखेल | सचिव |

मिति : २०८३/०२/२९, का.पा बैठक संख्याः २१-२०८२/८३

<u>प्रस्तावहरु</u>

२१.१ आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम सम्बन्धमा,

२१.२ लै.स.सा.स. सामाजिक परीक्षण प्रतिवेदन सम्बन्धमा,

२१.३ सुपरिवेक्षण तथा अनुगमन समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा,

२१.४ हरैया माध्यमिक विद्यालयमा रहेका जीर्ग संरचना हटाउने सम्बन्धमा,

२१.५ कार्यक्रम माग सम्बन्धमा ।

<u>निर्णयहरू</u>

**२१.१. आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम सम्बन्धमा,**

कञ्चन गाउँपालिका गाउँ कार्यपालिकाको मिति २०८३/०२/२५ गते बसेको बैठकमा छलफल भई उठेका विषयवस्तुहरू समेटि तयार भएको आ.व. २०८३/८४ को नीति तथा कार्यक्रमको अन्तिम मस्यौदालाई गाउँसभामा पेश गर्नका लागि गाउँपालिका अध्यक्षज्यूलाई अनुमति दिने ।

**२१.२. लै.स.सा.स. सामाजिक परीक्षण प्रतिवेदन सम्बन्धमा,**

सम्बन्धित शाखाबाट तयार भई आएको कञ्चन गाउँपालिकाको आ.व. २०८२/८३ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन बैठकमा पेश भयो छलफलमा उठेका विषयवस्तु समेटी प्राप्त उक्त प्रतिवेदन स्वीकृत गर्ने ।

**२१.३. सुपरिवेक्षण तथा अनुगमन समितिको वार्षिक प्रतिवेदन सम्बन्धमा,**

कञ्चन गाउँपालिकाको सुपरिवेक्षण तथा अनुगमन समितिको आ.व. २०८२/८३ को मिति २०८३ जेष्ठ २७ गते सम्मको वार्षिक प्रतिवेदन बैठकमा पेश भई छलफल भयो ।

**२१.४ हरैया माध्यमिक विद्यालयमा रहेका जीर्ण संरचना हटाउने सम्बन्धमा,**

हरैया माध्यमिक विद्यालय, कञ्चन गाउँपालिका–३, हरैयाको पत्र संख्या २०८२/०८३, चलानी नं. ४६५, मिति २०८३/०३/२५ तथा सामाजिक विकास डिभिजन कार्यालय, रुपन्देहीको पत्र संख्या २०८२/०८३, चलानी नं. ६३०, मिति २०८३/०२/२२ मा बिद्यालयलाई प्राप्त पत्र बमोजिम विद्यालय परिसरभित्र नयाँ विद्यालय भवन निर्माण कार्यका लागि आवश्यक जग्गा व्यवस्थापन गर्नुपर्ने देखिएको र यस गाउँपालिकाको प्राविधिक शाखाबाट पेश भएको प्राविधिक प्रतिवेदनमा विद्यालय परिसरभित्र रहेका विद्यालयको उत्तरतर्फ रहेको जीर्ण ७ कोठे भवन, २ कोठे टिनको टहरा सहितको साइकिल पार्किङ, जीर्ण अवस्थामा रहेको २ कोठे भवन तथा भैंसी गोठका बाँकी संरचना हटाउन उपयुक्त रहेको उल्लेख भएको हुँदा उक्त संरचनाहरू नियमानुसार हटाउन बिद्यालयलाई अनुमती दिने साथै, संरचना हटाउने कार्य गर्दा सम्बन्धित वडा कार्यालय, जनप्रतिनिधि तथा प्राविधिकको रोहवरमा आवश्यक मुचुल्का तथा अभिलेख तयार गरी विद्यालयमार्फत सम्पन्न गर्न हरैया माध्यमिक विद्यालयलाई निर्देशन दिने ।

उक्त संरचना हटाउँदा प्राप्त हुने काठ, टिन, ढोका, झ्याल, फलाम लगायतका प्रयोगयोग्य सामग्रीहरूको यथार्थ विवरण मुचुल्कामा उल्लेख गरी विद्यालयले सुरक्षित रूपमा संरक्षण तथा भण्डारण गर्ने व्यवस्था

कञ्चन गाउँपालिका

मिलाउने तथा उक्त सामग्रीहरूको प्रयोग, हस्तान्तरण, लिलाम वा अन्य व्यवस्थापन सम्बन्धी कार्य प्रचलित कानुन बमोजिम गर्न बिद्यालयलाई निर्देशन दिने ।

२१.५ कार्यक्रम माग सम्बन्धमा

कञ्चन गाउँपालिकाको अनुदान सिफारिस तथा अनुगमन समितिको मिति २०८३/०२/२६ गतेको बैठकबाट सिफारिस भएको तपसिलको निर्णय अनुमोदन गर्ने-

"देहायमा उल्लेखित ट्युववेल समिति/व्यक्ति मार्फत संचालनमा रहेको स्यालो ट्युववेलबाट सिंचाईका लागि मोटर तथा समरसिवल मोटर मागको लागि प्राप्त निवेदन तथा तोक आदेश वमोजिम आ.व.२०८२/०८३ मा विनियोजित (सि.नं.७७ खर्च शिर्षक नं.२२५२१) अन्तर्गत रहेको किसान घरदैलो तथा मागमा आधारित कार्यक्रम बाट उक्त स्यालो ट्युववेलबाट सिंचाईका लागि मोटर तथा समरसिवल मोटर खरिद गर्न पालिकाबाट बढीमा निम्नानुसारको अनुदान रकम उपलब्ध गराई बाँकी रकम सोही समिति तथा व्यक्तिको लागत सहभागिता हुने गरी विनियोजनको लागि कार्यपालिका समक्ष पेस गर्ने" -

तपसिलः

| क्र.सं. | समिति/व्यक्तिको नाम | ठेगाना | खरिद गरिने सिंचाई सामग्री | बढीमा अनुदान रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | उमानन्द न्यौपाने (उमानन्द न्यौपाने लागयत आसपासको ४ बिगाहा क्षेत्रफलमा सिंचाई हुनेगरी) | कञ्चन-२ | समरसिवल मोटर | ४५,००० | |
| २ | प्रकाश कार्की (लौसा पुरानो दुर्गा मन्दिर नजिकको स्यालो ट्युवेलमा जडान गर्ने सार्वजनिक) | कञ्चन-१ | समरसिवल मोटर | ४५,००० | |
| | जम्मा रकम | | | ९०,००० | |

<u>अन्त्यमा,</u> गाउँपालिका अध्यक्ष श्री नवराज ढकालबाट एक्काइसौ कार्यपालिकाको बैठकमा उपस्थित सम्पूर्णलाई धन्यवाद ज्ञापन गर्दै आजको कार्यपालिका बैठक सम्पन्न भएको घोषणा गर्नु भयो ।